# उपकार लघुवित्त वित्तीय संस्था लि.
## Upakar Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत पत्र प्राप्त संस्था (लुम्बिनी प्रदेश कार्यक्षेत्र भएको)


पत्र संख्या १०१३../२०८२/०८३ मिति : २०८३/०२/११

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड ,
युएनआई शान्तीमार्ग भद्रकाली काठमाण्डौं ।

**बिषय: वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा सम्पन्न भएको सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा उपकार लघुवित्त वित्तीय संस्था लिमिटेडका शेयरधनिहरुको सातौं वार्षिक साधारण सभा मिति २०८३।०२।१० गते तदनुसार २४ मई २०२६ मा होटल सेन्ट्रल प्लाजा कोहलपुरमा सम्पन्न भयो । उक्त सभाले वित्तीय संस्थाको आर्थिक बर्ष २०८१।०८२ का लागि सञ्चालक समितिको प्रतिवेदन एवम लेखा परिक्षकको प्रतिबेदन सहित आ.ब. २०८१।०८२ को वार्षिक आर्थिक विवरण (२०८२ आषाढ मसान्त सम्मको वासलात, २०८१।०८२ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगाएत वार्षिक आर्थिक विवरण संग सम्बन्धित अनुसूचिहरु पारित गर्दै निम्न अनुसारका प्रस्ताव समेत पारित गरि साधारण सभा सम्पन्न भयो ।

१. साधारण सभाले आ.ब. २०८२।०८३ को संस्थाको लेखापरिक्षण गर्नका लागि PRSH & Associates लाई लेखापरिक्षकमा नियुक्ति गरि निजको पारिश्रमिक निर्धारण गरेको छ । व्यहोरा जानकारीको लागि सादर अनुरोध गर्दछु ।

२.सभाले वित्तीय संस्थाको तर्फबाट अन्य उपयुक्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ती गर्न आवश्यक सहमति / सम्झौता गर्ने लगाएतका वित्तीय संस्थाहरु गाभ्ने / गाभिने वा प्राप्ती गर्ने गराउने सम्वन्धमा आवश्यक कामहरु गर्न गराउन सक्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

३.उक्त सभाले श्री आरती पौडेल र मुक्तीराम पन्थीलाई संस्थापक समुहवाट सञ्चालकको रुपमा अनुमोदन गर्ने प्रस्ताव पारित गरेको छ ।

४.उक्त सभाले पुजि बृद्धिको लागि हकप्रद शेयर जारी गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

भवदिय,

शारदा कुमारी खत्री
कम्पनि सचिव / प्रमुख कार्यकारी अधिकृत

बोधार्थ
१.श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं ।
२.श्री नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।
३.श्री नेपाल राष्ट्र बैंक बालुवाटार काठमाण्डौं ।
४.श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक काठमाण्डौं ।
५. एनआईसी एसिया क्यापिटल लिमिटेड ट्रेड टावर काठमाण्डौं


उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, कोहलपुर-११, बाँके फोन नं. ०८१-५४०७४४, ०८१-५४...
Email: upakar.banke1@gmail.com